बागमती प्रदेश सरकार

# उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय

बागमती प्रदेश, हेटौडा

# आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रमको कार्यान्वयन कार्यविधि, २०८२

बागमती प्रदेश सरकार, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको (माननीय मन्त्रीस्तर) बाट मिति २०८२/०७/२३ मा स्वीकृत,

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

## विषयसूची


परिच्छेद-१: प्रारम्भिक ............ ३

१. संक्षिप्त नाम र प्रारम्भः ............ ३

२. परिभाषा: ............ ३

परिच्छेद-२: मार्गदर्शक सिद्दान्तहरु ............ ४

परिच्छेद-३: उपभोक्ता समितिबाट सञ्चालन गरिने कार्यक्रम ............ ५

४. उपभोक्ता समितिबाट ............ ५

५. उपभोक्ता समितिको गठनः ............ ६

६. प्राविधिक सर्वेक्षण, लागत अनुमान र स्वीकृतिः ............ ६

७. कार्यक्रम कार्यान्वयनः ............ ६

८. संचालित कार्यक्रमको भुक्तानीः ............ ७

परिच्छेद-४: परामर्श सेवाबाट सञ्चालन गरिने कार्यक्रम ............ ८

परिच्छेद-५: बहुवर्षिय तथा क्रमागत योजना कार्यान्वयन ............ ९

परिच्छेद-६: औद्योगिक पूर्वाधार निर्माण तथा विकास ............ ९

परिच्छेद-७: मेला, महोत्सव, प्रदर्शनी आयोजना तथा सहयोग ............ १३

परिच्छेद ८: तालिम, प्रविधि हस्तान्तरण तथा उद्यमशीलता प्रवर्द्धन ............ १६

परिच्छेद-९: विविध ............ १८


माननीय बिन्दु श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

## प्रस्तावना

बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट अन्तर्गत उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय र मातहतका निकायहरुको स्वीकृत कार्यक्रम तथा बजेटलाई कानुनी प्रक्रिया पुऱ्याई, सरल र पारदर्शी बनाई कार्यान्वयन गर्न वान्छनीय भएकोले प्रदेश विनियोजन ऐन २०८२ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरिएको छ।

## परिच्छेद-१: प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम **"वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२"** रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखि लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यक्रम" भन्नाले बागमती प्रदेश सरकार, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय र मातहतको निकायबाट कार्यान्वयन हुने आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम/क्रियाकलाप तथा लागत साझेदारीमा कार्यालयले व्यहोर्ने पूर्वाधार सम्वन्धि कार्यक्रम समेतलाई सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय अन्तर्गत स्थापना भएका कार्यालय वा निकाय सम्झनु पर्छ।

(ग) "कार्यालय प्रमुख" भन्नाले तोकिएको कार्यालयको प्रमुख कर्मचारीलाई सम्झनु पर्छ।

(घ) "कार्यविधि" भन्नाले आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ लाई सम्झनु पर्छ।

(ङ) "प्राविधिक समिति" भन्नाले सम्भाव्यता अध्ययन, गुरुयोजना तयारी, डि.पी.आर. तथा अन्य अध्ययन लगायतका कार्यको परामर्शदाताले पेश गरेको प्रतिवेदन पुनरावलोकन गरी स्वीकृतिको लागि सिफारिस गर्न गठन गरिएको विशेषज्ञ इन्जिनियर लगायतको समितिलाई सम्झनु पर्छ।

(च) "निर्देशनालय" भन्नाले उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सम्झनुपर्नेछ ।

(छ) "समिति" भन्नाले प्रचलित कानूनले तोकेको समितिलाई सम्झनु पर्दछ ।

(ज) "सरोकारवाला" भन्नाले कार्यक्रम एवम् योजनासँग प्रत्यक्ष सम्बन्ध राख्ने व्यक्ति, संस्था वा समुहलाई सम्झनु पर्दछ ।

(झ) "नवउद्यमी" भन्नाले गत दुई आ.व. र यस चालु आ.व. मा दर्ता भएका उद्योग/व्यवसाय र फर्मलाई जनाउनेछ ।

(ञ) "मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकार, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयलाई सम्झनु पर्छ।



माननीय बिन्दु श्रेष्ठ
मन्त्री

(ट) "स्थानीय तह" भन्नाले कार्यक्रम सञ्चालन हुने स्थानको स्थानीय तह सम्झनु पर्छ।

## परिच्छेद-२: मार्गदर्शक सिद्धान्तहरु

३. **मार्गदर्शक सिद्धान्तहरुः** निम्न विषयहरुलाई यस कार्यविधिको मार्गदर्शक सिद्धान्तको रुपमा राखिएको छ।

(क) कार्यक्रम सञ्चालन गर्दा मितव्ययी, पारदर्शी र जनसहभागिताको सिद्धान्तको आधारमा प्रभावकारी ढंगले लाभग्राही समुदायलाई अधिकतम् फाईदा र रोजगारी सिर्जना हुने गरी सञ्चालन गरिनेछ ।

(ख) यस कार्यक्रम अन्तर्गत सञ्चालन गरिने क्रियाकलापहरुमा स्थायी प्रकृतिको संरचना निर्माणको लागि आवश्यक जग्गा सम्बन्धित व्यक्ति, फर्म, संघ/संस्था वा कम्पनीको नाममा रहेको हुनुपर्नेछ । अन्य सार्वजनिक तथा सरकारी जग्गा प्रयोग गर्नका लागि प्रचलित ऐन, नियम तथा कानूनले तोकेको मापदण्ड पूरा गरी भोगाधिकार लिएपश्चात् कार्यक्रम सञ्चालन गरिनेछ । जग्गा व्यवस्थापनको कार्य मन्त्रालय तथा अन्तर्गतका कार्यालयले गर्ने छैन । तर जग्गा व्यवस्थापनका लागि मन्त्रालय तथा अन्तर्गतका कार्यालयले आवश्यक समन्वय भने गर्न सकिनेछ ।

(ग) प्रचलित ऐन नियमानुसार कार्यसम्पादनको आधारमा भुक्तानी गरिनेछ ।

(घ) संचालित क्रियाकलापहरुलाई थप प्रभावकारी बनाउन आवश्यक्ता अनुसार सम्बन्धित स्थानीय तहहरु तथा स्थानीय सरोकारवालाहरुसंग पनि समन्वय र सहकार्य गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(ङ) स्वीकृत वार्षिक कार्यक्रममा तोकिए बमोजिमको परिमाण र विनियोजित बजेटको परिधि भित्र रहि कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ ।

(च) कामको प्रकृति र स्वीकृत बजेटको परिधिभित्र रही कार्यक्रम सञ्चालन गर्दा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७६, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७, प्रदेश भ्रमण खर्च नियमावली, २०७७, कार्यसञ्चालन निर्देशिका, २०७७, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ र नियमावली, २०७६, प्रदेश सार्वजनिक खर्चको मापदण्ड, २०७८ सहित प्रचलित कानूनले तोकेको परिधि भित्र रहि बजेट तथा कार्यक्रम कार्यान्वयन गरिनेछ ।

(छ) कार्यक्रमहरुको लागि स्वीकृत बजेट खर्च गर्दा स्वीकृत नर्म्स, सम्बन्धित जिल्ला वा स्थानीय तहको स्वीकृत दररेट, कार्यक्रम सञ्चालन निर्देशिका, मार्गदर्शन र कार्यविधि लगायतको दस्तावेज अनुरुप लागत अनुमान तयार गर्नुपर्नेछ।

(ज) कार्यक्रम सञ्चालन गर्दा स्थानीय समुदाय तथा आदिवासी जनजाति (Indigenous People) को सामाजिक, आर्थिक, सांस्कृतिक तथा वातावरणीय पक्षमा सकारात्मक प्रभाव पर्ने गरि एकीकृत रुपमा सञ्चालन गर्नुपर्नेछ ।

(झ) यस कार्यविधिमा समावेश हुन नसकेका कार्यक्रमहरु कार्यान्वयन गर्दा प्रचलित कानून तथा तालुक निकायको निर्णय एवं परिपत्र बमोजिम सञ्चालन गरिनेछ।

(ञ) कुनै सामुदायिक वन, धार्मिक वन, कवुलियती वन वा वन संरक्षण क्षेत्रको सिमानाभित्र कार्यक्रम सञ्चालन हुने भए प्रचलित वन ऐन र नियमावली अनुसार सम्बन्धित वनको कार्ययोजनामा समावेश गरी कार्ययोजना स्विकृत भए पछि मात्र कार्य प्रारम्भ गरिनेछ।

(ट) जिल्लास्थित् कार्यालयहरुले स्थानीय तह तथा सरोकारवाला निकायहरुसँगको समन्वयमा स्थानीयस्तरमा संचालित कृयाकलापहरुको संयुक्त अनुगमन निरीक्षण गरी सोको प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ।

(ठ) संचालित कार्यक्रमहरुको सम्बन्धित स्थानीय तह तथा जिल्ला समन्वय समितिले समेत अनुगमन गर्न सक्नेछ ।

(ड) सबै कार्यक्रम वा योजनाको कार्यान्वयन प्रगति प्रतिवेदन हरेक महिनाको ७ गते भित्र र त्रैमासिक प्रतिवेदन सो अवधि समाप्त भएको ७ दिन भित्र प्रत्येक कार्यालयले निर्देशनालयमा पठाउनुपर्नेछ र निर्देशनालयले एकीकृत प्रगति प्रतिवेदन सो अवधि पछिको सात दिन भित्र मन्त्रालयमा अनिवार्य पठाउनुपर्नेछ।

(ढ) वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनका क्रममा प्राप्त विभिन्न गुनासो तथा उजुरीहरु प्रचलित नियमानुसार सम्बोधन गर्नुपर्नेछ।

## परिच्छेद-३: उपभोक्ता समितिबाट सञ्चालन गरिने कार्यक्रम

४. उपभोक्ता समितिबाट सञ्चालन गरिने कार्यक्रमः

१) प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम पूर्वाधार निर्माणको कार्य उपभोक्ता समितिमार्फत् कार्यान्वयन गर्न गराउन सकिनेछ । तर,

२) देहाय बमोजिमको कार्यक्रमहरु उपभोक्ता समिति मार्फत सञ्चालन गरिने छैनः

(क) प्राविधिक रुपमा जटील कार्य भनि प्राविधिक प्रतिवेदन प्राप्त भएको,

(ख) हेभी उपकरणहरु प्रयोग गर्नुपर्ने भनि प्राविधिक प्रतिवेदन प्राप्त भएको कार्य,

(ग) पिलर, बीम तथा स्लाब ढलान/कास्टिङ्ग गर्नुपर्ने दुई तला भन्दा बढीको नयाँ ठुला भवन निर्माण कार्य, तर,

पिलर, बीम तथा स्लाब ढलान गर्नुपर्ने भए पनि बजारबाट निर्माण सामाग्री खरिद गरि ज्यामी/कामदार/मजदुर तथा कालीगढहरुलाई डोर हाजीरमा काममा लगाई सम्पन्न गर्न सकिने सानातिना कामहरु जस्तैः प्रवेशद्वार, शौचालय, कम्पाउण्ड वाल, सभाहल/भवन, फर्निसिङ, प्रिकाष्ट भवन, ट्रस भवन, प्रिफ्याव भवन, एक तला स्ल्याव ढलानमाथि पिलर खडा गरी फलामे ट्रसको संरचना; निर्मित भवनमा तलाहरु थप्ने, निर्मित भवनमा प्लाष्टर गर्ने, झ्याल ढोकाको काम, रंगरोगन, इन्टेरिएर डिजाईन सम्वन्धि काम, सौन्दर्यकरण जस्ता कामहरु उपभोक्ता समितिमार्फत गर्न सकिनेछ ।



माननीय बिन्दु श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

(घ) कुनै योजनाको कार्यान्वयन गर्न उपभोक्ता समिति इच्छुक नदेखिएको एवं ठेक्का मार्फत कार्य गरिदिन भनी सिफारिस भै आएको काम,

(ङ) लाभग्राही समुदायले कम्तिमा १० प्रतिशत लागत सहभागिता व्यहोर्न नसक्ने,

(च) निर्माण कार्य सम्पन्न भए पश्चात उपभोक्ता समितिमा योजना हस्तान्तरण हुन नसक्ने,

(छ) निर्मित योजनाको संरक्षण तथा मर्मत संभार उपभोक्ता समितिबाट हुन नसक्ने ।

५. **उपभोक्ता समितिको गठनः** १) सम्बन्धित स्थानीय तहको निर्वाचित जनप्रतिनिधिको उपस्थिति वा रोहवरमा भएको भेलाबाट लाभग्राहीहरुमध्येबाट एक उपभोक्ता समिति गठन गर्नुपर्नेछ र समितिमा एक तिहाई महिलाको सहभागिता हुनु पर्नेछ ।

२) त्यसरी गठन भएको उपभोक्ता समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा एक जना महिला अनिवार्य हुनु पर्नेछ ।

३) उपभोक्ता समितिको जिम्मेवारी निम्नानुसार हुनेछ ।

(क) उपभोक्ता समितिले कार्यक्रम सम्झौता, कार्यान्वयन, समन्वय, अनुगमन गरी सम्पन्न गर्ने लगायतका सम्पूर्ण जिम्मेवारी वहन गर्नुपर्नेछ ।

(ख) उपभोक्ता समितिले कार्यालयबाट खटाइएका प्राविधिक कर्मचारीले दिएको नीतिगत, प्राविधिक तथा व्यवस्थापकीय सल्लाह बमोजिमको कार्य सञ्चालन गर्नुपर्नेछ ।

(ग) सम्पन्न भएका योजनाको संरक्षण, सदुपयोग, सम्बर्द्धन, मर्मत सम्भार गर्ने दायित्व उपभोक्ता समितिको हुनेछ ।

६. **प्राविधिक सर्वेक्षण, लागत अनुमान र स्वीकृतिः** १) सम्बन्धित प्राविधिकले स्वीकृत वार्षिक कार्यक्रमको स्थलगत अवलोकन गरी फिल्ड सर्वेक्षणको प्रतिवेदन पेश गर्नुपर्नेछ । सो प्रतिवेदनको आधारमा विस्तृत सर्भे गरी डिजाइन तथा लागत अनुमान तयार गरिनेछ ।

२) त्यस्तो डिजाइन तथा लागत अनुमान तयार गर्दा सम्बन्धित स्थानीय तह तथा उपभोक्ता समूहको माग, सुझाव, र आवश्यकतालाई पनि आधार लिन सकिनेछ ।

३) उपदफा (१) बमोजिम तयार भएको लागत अनुमानमा कार्यक्रमको नाम, कार्यक्रमको उद्देश्य, उपभोक्ता समितिको विवरण, अपेक्षित उपलब्धि स्पष्ट र आवश्यकताको आधारमा अन्य विषय खुलेको हुनु पर्नेछ ।

४) उपदफा (१)(२) र (३) बमोजिमका विवरणहरुको आधारमा आवश्यक प्रक्रिया अपनाई कार्यालय प्रमुखले स्वीकृत गर्नेछ ।

७. **कार्यक्रम कार्यान्वयनः** (१) कार्यक्रम सम्झौता गर्दा देहायका कागजातहरु पेश गर्नुपर्नेछ।

(क) योजनाको कूल लागतको कम्तिमा १० प्रतिशत रकम उपभोक्ता समितिको बैंक खातामा जम्मा गरेको प्रमाण,

(ख) उपभोक्ता समिति गठन सम्बन्धी निर्णय,



माननीय बिन्दु श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

(ग) सम्बन्धित पालिका वा वडाको सिफारिस,

(घ) आयोजनाका प्राविधिकले तयार पारेको डिजाईन, नक्सा सहितको लागत अनुमान,

(ङ) उपभोक्ता समितिले सम्झौता गरी पाउनको लागि दिएको निवेदन ।

२) उपदफा (१) बमोजिम प्राप्त कागजातको जाँचबुझ गरी नियमसंगत देखिएमा सम्झौता गरिनेछ ।

३) उपदफा (२) बमोजिम सम्झौता गरिएका उपभोक्ता समितिलाई कार्यदेश दिई सोको बोधार्थ सम्बन्धित स्थानीय तह तथा कार्यार्थ सम्बन्धित प्राविधिकहरुलाई दिनुपर्नेछ ।

४) कार्यक्रमहरुको सम्झौता गर्दा कामको परिमाण, लागत, समय सीमा, गुणस्तर लगायतका सूचकहरु समावेश गरिनेछ।

५) कार्यदेश बमोजिम तोकिएको प्राविधिकहरुले सम्झौता बमोजिमको कार्यक्रम कार्यान्वयन गर्न नियमित रुपमा प्राविधिक सल्लाह, समन्वय र निर्माण व्यवस्थापनमा सहजीकरण गर्नेछन्।

६) सञ्चालित कार्यक्रमहरु आयोजना, सम्बन्धित कार्यालय तथा मन्त्रालयबाट अनुगमन गरी सम्बन्धित उपभोक्ता समितिलाई पृष्ठपोषण उपलब्ध गराउन सक्नेछ ।

८. **संचालित कार्यक्रमको भुक्तानीः** १) दफा ४ (२) बमोजिम सम्झौता भएको कार्यक्रम कार्यान्वयन गर्न अग्रीम पेश्की उपलब्ध गराईनेछैन । तर,

२) निर्माण सामाग्री खरिद वा संकलन गरी निर्माणस्थलमा ल्याईसकेको भए वा आंशिक कार्य सम्पन्न गरेको भए सम्बन्धित प्राविधिकको प्रतिवेदन र सिफारिसको आधारमा सोको विल भरपाई वा प्रमाण संलग्न राखी संझौता रकमको एक तिहाई रकम नबढ्ने गरी पेश्की उपलब्ध गराउन सकिनेछ ।

३) संम्झौता बमोजिम सम्पन्न कामको नापजांच र मूल्यांकन गरी प्रत्येक योजनाको लागि बढीमा दुई किस्ता रकम भुक्तानी गर्न सकिनेछ ।

४) सम्पन्न कामको किस्ता भुक्तानी गर्दा देहायको कागजातहरु संलग्न गर्नुपर्नेछ ।

(क) सम्बन्धित उपभोक्ता समितिको निर्णय सहितको निवेदन,

(ख) उपभोक्ता समितिको विल भरपाई र खर्च समर्थन गरेको निर्णय,

(ग) सम्पन्न कामको नापी किताव,

(घ) किस्ता भुक्तानी विल,

(ङ) सम्पन्न कामको फोटोहरु,

(च) सम्बन्धित पालिका वा वडा कार्यालयको सिफारिस,

(छ) खर्चका विल भरपाई र डोर हाजीर फारामहरु,

(ज) सम्बन्धित प्राविधिकहरुको अनुगमन प्रतिवेदन सहितको सिफारिस,

(झ) योजना तथा औद्योगिक पूर्वाधार विकास हेर्ने शाखाको सिफारिस ।

५) सम्पन्न कामको अन्तिम किस्ता भुक्तानी गर्दा देहायको कागजातहरु संलग्न गर्नुपर्नेछ।

(क) सम्बन्धित उपभोक्ता समितिको काम सम्पन्न भएको जानकारीको निर्णय सहितको माग निवेदन,

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

(ख) उपभोक्ता समितिको बिल भरपाई र खर्च समर्थन गरेको निर्णय,
(ग) सामाजिक लेखापरीक्षण र खर्च सार्वजनिकिकरणको निर्णय,
(घ) अनुगमन समितिको प्रतिवेदन,
(ङ) सम्बन्धित पालिका वा वडा कार्यालयको सिफारिस,
(च) सम्पन्न कामको नापी किताब,
(छ) किस्ता भुक्तानी बिल,
(ज) कार्य सम्पन्न प्रतिवेदन,
(झ) सम्पन्न कामको फोटोहरु,
(ञ) खर्चका बिल भरपाई र डोरहाजिर फारामहरु,
(ट) सम्बन्धित प्राविधिकहरुको अनुगमन प्रतिवेदन सहितको सिफारिस,
(ठ) योजना तथा औद्योगिक पूर्वाधार विकास हेर्ने शाखाको सिफारिस,
(ड) आयोजनाको विवरण खुल्ने सूचना पाटीको तस्वीर,
(ढ) योजना हस्तान्तरण गरेको प्रमाण ।

## परिच्छेद-४: परामर्श सेवाबाट सञ्चालन गरिने कार्यक्रम

९. परामर्श सेवाबाट सञ्चालन गरिने कार्यक्रमहरु देहाय अनुसार सञ्चालन गरिनेछः

(क) अध्ययन गरिने कृयाकलापका लागि विषय विज्ञ वा समितिको सहयोगमा मन्त्रालय, निर्देशनालय वा कार्यालयको कर्मचारीले वा विशेषज्ञ ईन्जिनियर वा प्राविधिकले तयार पारेको कार्य क्षेत्रगत शर्त (Terms of Reference) र लागत अनुमान स्वीकृत गरिनेछ।

(ख) सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा भएको प्रावधान अनुसार परामर्शदाता कम्पनी, फर्म तथा व्यक्तिको छनौट गरिनेछ।

(ग) छनौट भएका कम्पनी, फर्म तथा व्यक्तिहरुसंग स्वीकृत कार्यसूची बमोजिम कार्य गर्न सम्झौता गरि कार्यदिश दिईनेछ।

(घ) कार्यदिश बमोजिम परामर्शदाता कम्पनी, फर्म वा व्यक्तिले पेश गरेको प्रारम्भिक मस्यौदा र अन्तिम प्रतिवेदन प्रस्तुतीकरण गर्नुपर्नेछ । प्रस्तुतीकरणमा उपलब्ध गराईएका पृष्ठपोषणहरु समेतलाई समावेश गरी अन्तिम प्रतिवेदन पेश गर्नुपर्नेछ।

(ङ) परामर्शदाता कम्पनी, फर्म वा व्यक्तिले पेश गरेको अन्तिम प्रतिवेदन प्राविधिक समिति/समितिले पुनरावलोकन गर्नेछ। प्राविधिक समिति/समितिले संम्झौता र कार्यक्षेत्रगत शर्त पुरा गरे नगरेको यकिन गरी भुक्तानीको लागि सिफारिस सहित प्रतिवेदन पेश गर्नेछ।

माननीय बिन्दु श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

## परिच्छेद-५: बहुवर्षिय तथा क्रमागत योजना कार्यान्वयन

१०. **स्वीकृत बहुवर्षिय खरिद योजना तथा क्रमागत योजना कार्यान्वयन:** विगत आ.व. मा खरिद सम्झौता भई कार्यान्वयनमा रहेका तथा बहुवर्षिय ठेक्काका योजनाहरु र विगत आ.व. मा खरिद सम्झौता भई म्याद थप गरी कार्यान्वयनमा रहेका क्रमागत योजनाहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७६, र बागमती प्रदेश आयोजनाको बहुवर्षीय ठेक्कासम्बन्धी मापदण्ड, २०८० ले निर्दिष्ट गरे बमोजिम कार्यान्वयन गरिनेछ।

## परिच्छेद-६: औद्योगिक पूर्वाधार निर्माण तथा विकास

११. **औद्योगिक ग्राम पूर्वाधार निर्माण:** १) औद्योगिक ग्राम पूर्वाधार निर्माण देहायमा उल्लेख भए बमोजिम गर्नुपर्नेछ ।

(क) स्वीकृत बार्षिक कार्यक्रम अनुसार सञ्चालन हुने औद्योगिक पूर्वाधार निर्माण तथा साँस्कृतिक औद्योगिक पूर्वाधार निर्माण कार्यक्रमहरुको प्राविधिक सर्वे डिजाइन र लागत अनुमान तयार गरी विनियोजित बजेटको सीमा भित्र रही प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम सञ्चालन गरिनेछ।

(ख) कुनै औद्योगिक पूर्वाधार तथा साँस्कृतिक औद्योगिक पूर्वाधार विकास योजनाको DPR तयार भइसकेको तर बहुवर्षिय योजनाको रुपमा नतोकिएको र DPR बमोजिम कूल लागत रकम एकमुष्ट विनियोजन नभइ आंशिक रुपमा बजेट विनियोजन भएको अवस्थामा सालवसाली कार्यक्रमका रुपमा विनियोजित बजेटको परिधि भित्र रही संञ्चालन गर्न सकिनेछ।

(ग) स्वीकृत बार्षिक कार्यक्रम अनुसार सञ्चालन हुने औद्योगिक पूर्वाधार तथा साँस्कृतिक औद्योगिक पूर्वाधार निर्माण सम्बन्धी कार्यक्रमहरु कार्यान्वयन गर्नुपूर्व सम्बन्धित स्थानीय तहसंग समन्वय र सहकार्य गर्नुपर्नेछ।

(घ) निर्देशनालय वा कार्यालय मार्फत हुने औद्योगिक पूर्वाधार निर्माण तथा साँस्कृतिक औद्योगिक पूर्वाधार सम्बन्धी कार्यको लागि सम्बन्धित जिल्लाको स्वीकृत दररेटका आधारमा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीको व्यवस्था अनुसार लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्ने छ।

(ङ) औद्योगिक ग्राम तथा साँस्कृतिक औद्योगिक ग्राम निर्माणको लागि स्वीकृत बार्षिक कार्यक्रम अनुसार प्रचलित नियम बमोजिम वातावरणीय अध्ययन, डि.पि.आर तथा सम्भाव्यता अध्ययन गर्नुपर्नेछ।

(च) औद्योगिक ग्राम पूर्वाधार निर्माण सम्बन्धी अन्य व्यवस्था औद्योगिक ग्राम घोषणा तथा सञ्चालन कार्यविधि, २०८१ बमोजिम हुनेछ।

माननीय बिन्दु श्रेष्ठ
मन्त्री

१२. <u>हस्तकलाग्राम निर्माण तथा घोषणा:</u> स्वीकृत बार्षिक कार्यक्रम अनुसार हस्तकलाग्राम निर्माणको लागि आवश्यक पूर्वाधार निर्माण तथा हस्तकलाग्राम घोषणा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली र प्रदेश हस्तकलाग्राम स्थापना तथा संञ्चालन ऐन, २०८१ अनुसार गर्नुपर्नेछ ।

१३. <u>कोशेली घर स्थापना र सञ्चालन:</u> १) स्थानीय स्तरका लघु, घरेलु/साना उद्योगबाट उत्पादित उपजहरुको बिक्रीलाई सहज बनाउन तथा बिक्रीका लागि बजार क्षेत्रमा स्थान अभावले ओझेलमा परेका समुदाय/उद्यमीलाई सहयोग गर्न निर्देशनालयले आवश्यक अध्ययन गरी देहायका आधारमा सरोकारवालासँग निवेदन माग गरी कोसेली घर स्थापना तथा संञ्चालन गर्नुपर्नेछ ।

(क) कोशेली घर स्थापनाको लागि आवश्यक पर्ने जग्गा उपलब्धताको अवस्था,

(ख) कोशेली घर निर्माण पछि उद्यमीको उत्पादन, कृषिजन्य उपज, कच्चापदार्थको उपयोग, बिक्रीवाट रोजगारी र आम्दानीमा हुनसक्ने वृद्धि,

(ग) कोशेली घरको स्थापनामा लाग्ने कूल लागत तथा सो लागतमा साझेदारी गर्न सक्ने स्थानीय तह, समुदाय, उद्यमीहरुको प्रतिवद्धता ।

२) <u>कोशेली घरको स्थापना/व्यवस्थापन र सञ्चालन प्रक्रिया:</u>

(क) कोशेली घरको स्थापनाको संभावना देखिएमा कार्यालयले निर्णय गरी सम्बन्धित वडा अध्यक्ष वा वडा सदस्यको रोहवरमा उपभोक्ता समितिको रुपमा काम गर्न कोशेली घरनिर्माण/व्यवस्थापन/संरक्षण समितिको गठन गराउनु पर्नेछ ।

(ख) गठन भएको व्यवस्थापन समितिले स्थानीय तहको सहयोगमा जग्गाको व्यवस्था गरी लागत साझेदारीमा कोशेली घरको स्थापनाको लागि कार्यालयमा निवेदन दिनुपर्नेछ।

(ग) सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार कोशेली घर भवन निर्माण गरिनेछ ।

(घ) कोशेली घरको लागत अनुमान तथा डिजाइन निर्देशनालयको इन्जिनियरले तयार गरी पेश गरे पश्चात कार्यालय प्रमुखले स्वीकृत गरे बमोजिम हुनेछ।

(ङ) कोशेली घरको निर्माणमा एकरुपता कायम गर्न निर्देशनालयले क्रमशः कोशेली घरको नमूना डिजाईन तयार गरी मन्त्रालयबाट स्वीकृत गराउनु पर्नेछ। कोशेली घरको डिजाईन सम्बन्धित स्थान विशेषको मौलिक कला, संस्कृति तथा परम्परा झल्कने गरी बनाउन सकिनेछ।

(च) कोशेली घरको निर्माण तथा उपयोग/व्यवस्थापनका विषयमा समिति र कार्यालय वीच सम्झौता गर्नुपर्नेछ ।

(छ) समिति गठन गरी कार्यालयको सिफारिसमा कोशेली घरको नाममा वैङ्क खाता खोल्नु पर्दछ । कार्यालयले उपलब्ध गराएको रकम र अन्य श्रोतबाट प्राप्त गरेको रकमको आम्दानी खर्चको



माननीय बिन्दु श्रेष्ठ
मन्त्री

हिसाब दुरुस्त राखी कार्यालय र नगरपालिका/गाँउपालिकामा जानकारी गराउने दायित्व कोशेली घर व्यवस्थापन समितिको हुनेछ ।

(ज) कोसेली घरमा स्थानीय उद्यमीहरुबाट उत्पादित सामाग्री मात्र प्रदर्शन तथा बिक्री वितरण गर्न पाइनेछ।

३) उपदफा २ बमोजिम कोशेली घर व्यवस्थापन समितिले कोशेली घर संञ्चालन गर्न नसकेमा उद्योग व्यवसायमा आवद्ध संघ संस्थाहरुसंग प्रस्ताव माग गरी सम्झोता बमोजिम साझेदारीमा कोशेली घर सञ्चालन गर्न सकिनेछ र कोशेली घरको उपयोग उद्यमीहरुले आवश्यक सेवा शुल्क उठाई कोशेली घरको खातामा जम्मा गर्नुपर्नेछ । यस्तो रकम कोशेली घरको मर्मत तथा उद्यम विकासका लागि खर्च गर्न सकिने छ ।

४) उपदफा २ र ३ बमोजीम कोशेली घरको उपयोग हुन नसक्ने परिस्थिति सृजना भएमा, उद्देश्य अनुरुप उपयोग नहुने परिस्थिति सृजना भएमा वा व्यवस्थापनमा समस्या उत्पन्न भएमा सो कोशेली घरको सम्पत्ति सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गर्नसकिनेछ ।

५) उपदफा ४ बमोजिमको अवस्था भई प्राप्त हुन आएको कोशेली घरलाई सम्बन्धित स्थानीय तहले सञ्चालन गर्ने तथा अन्य उद्यमी समूहलाई कार्यालयको सहमतिमा हस्तान्तरण गर्न सक्नेछ ।

१४. <u>बजार केन्द्र विकास तथा प्रवर्द्धन, लघु उद्यम लक्षित साझा उद्यमी केन्द्र निर्माण, स्थानीय उत्पादन संकलन तथा बिक्री केन्द्र:</u>

१) <u>बजार केन्द्र विकास तथा प्रवर्द्धन:</u>

क) बजार केन्द्र विकास तथा प्रवर्द्धन अन्तर्गत भवन पूर्वाधार, शौचालय, खानेपानी, बिजुली, पार्किङ स्थल लगायत आवश्यकता र औचित्यतताको आधारमा अन्य पूर्वाधारहरु निर्माण गर्न सकिनेछ।

२) <u>लघु उद्यम लक्षित साझा उद्यमी केन्द्र निर्माण:</u>

क) लघु उद्यम लक्षित साझा उद्यमी केन्द्र निर्माणका लागि भवन लगायतका अन्य भौतिक पूर्वाधारहरु निर्माण गर्न सकिनेछ।

३) <u>स्थानीय उत्पादन संकलन तथा बिक्री केन्द्र:</u>

क) स्थानीय स्तरमा उत्पादित वस्तुहरुको संकलन, प्रवर्द्धन तथा बजारीकरण गर्नका लागि निर्धारित बजेटको सीमाभित्र रही उत्पादन संकलन स्थल तथा बिक्री केन्द्रका लागि आवश्यक पूर्वाधारको निर्माण गर्न सकिनेछ ।

४) उपदफा (१), (२) र (३) अनुसार पूर्वाधार निर्माणका लागि प्राविधिक सर्वे डिजाइन र लागत अनुमान तयार गरी विनियोजित बजेटको सीमा भित्र रही प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम सञ्चालन गरिनेछ।



माननीय बिन्दु श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

५) निर्देशनालय वा कार्यालय मार्फत सञ्चालन हुने उपदफा (१) र (२) अनुसारका पूर्वधार निर्माणका लागि सम्बन्धित स्थानीय तहले उपलब्ध गराएको उपयुक्त स्थानको जग्गामा सञ्चालन गर्नुपर्नेछ। बजार केन्द्रको लागि स्थानीय तहले स्थानीय बासिन्दाको सहज पहुँच हुने, ग्राहकहरुको भेला हुने तथा स्थानीय बस्तीबाट नजिक रहेको स्थानमा जग्गा उपलब्ध गराउनुपर्नेछ ।

६) निर्देशनालय वा कार्यालयमार्फत हुने उपदफा (१), (२) र (३) अनुसारका कार्यहरुको लागि सम्बन्धित जिल्लाको स्वीकृत दररेटका आधारमा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीको व्यवस्था अनुसार लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्नेछ।

१५. <u>विद्युत महशुलमा सहुलियत:</u> उद्यम प्रवर्द्धन गर्न स्वीकृत बार्षिक कार्यक्रमको स्थिर पुँजी बाहेक बिस लाखसम्मको लगानीमा सञ्चालित लघु उद्यमी, हस्तकला एवं उत्पादनमूलक उद्योगहरुलाई (डेडिकेटेड र फिडर) बाहेक सिन्धुली र ललितुर जिल्लामा विद्युत महशुलमा ५० प्रतिशतमा सहुलियत कार्यक्रम सञ्चालन गर्न मन्त्रालयले आवश्यक कार्यविधि वा मापदण्ड निर्माण गरी कार्यन्वयन गरिनेछ।

१६. **<u>Business Incubation Center स्थापना तथा संञ्चालन:</u>**

१) यस मन्त्रालय अन्तर्गतका निर्देशनालय तथा मातहतका कार्यालयहरुले Business Incubation Center स्थापना तथा सञ्चालनमा सरोकारवालाहरुसँगको लागत साझेदारीमा सहकार्य गर्नुपर्नेछ । यसको लागि आवश्यकता र औचित्यताको आधारमा प्रचलित कानून बमोजिम प्रविधि, उपकरण, तथा फर्निचर खरिद गर्न सकिनेछ।

२) प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ ।

३) Business Incubation Centre स्थापनामा प्रचलित कानून बमोजिम अन्य संघ संस्थासँग सहकार्य गर्न सकिनेछ।

१७. <u>एक स्थानीय तह एक प्रमुख उद्योग निर्माण:</u> प्रत्येक जिल्लामा स्थानीय स्रोत साधनको उच्चतम् उपयोग गर्दै रोजगारी सिर्जना र उत्पादन प्रवर्द्धन गर्न 'एक स्थानीय तह एक प्रमुख उद्योग' कार्यक्रम कार्यान्वयनका लागि यस मन्त्रालयले आवश्यक कार्यविधि तथा मापदण्ड तर्जूमा गरी कार्यान्वयन गरिनेछ।

१८. <u>एक वडा एक उद्यम:</u> स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत 'एक वडा एक उद्यम' कार्यक्रम कार्यान्वयनका लागि मन्त्रालयले आवश्यक कार्यविधि तर्जूमा गरी कार्यसम्पादन गर्नेछ।

१९. <u>एक कार्यालय एक वस्तु विकास केन्द्र:</u> १) उद्यमशीलताको विकास मार्फत् रोजगारी सिर्जनाको लागि सबै उद्योग तथा वाणिज्य कार्यालयहरुलाई स्रोत केन्द्रको रुपमा विकास गर्न स्वीकृत बार्षिक कार्यक्रम एक कार्यालय एक वस्तु विकास केन्द्रको कार्यान्वयन देहाय बमोजिम हुनेछ:



माननीय बिन्दु श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

क) कार्यालयले सम्बन्धित जिल्लामा उद्यमको सम्भावना रहेको सम्बन्धित जिल्लाको मौलिकता झल्कने बस्तुको उत्पादन तथा त्यस सम्बन्धमा क्रमशः स्रोत केन्द्रको रुपमा विकास गर्न आफ्नो मातहतमा रहने गरी आवश्यक भौतिक संरचना, पूर्वाधार, प्रविधि, उपकरण र सीप तथा दक्षता अभिवृद्धिको व्यवस्था गर्नेछ ।

ख) प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ ।

ग) एक कार्यालय एक वस्तु विकास केन्द्र कार्यक्रमहरुको प्रतिवेदन कार्यालयहरुले निर्देशनालयमार्फत मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

२०. **डिजिटाईजेशन सम्बन्धी कार्य:** १) डिजिटल नागरिक वडापत्र, टोकन प्रणाली, नेटवर्किङ, उद्योग सफ्टवेयर लगायतका डिजिटाइजेशन सम्बन्धी कार्य देहाय बमोजिम गर्नुपर्नेछः

क) निर्देशनालय र कार्यालयहरुले डिजिटाईज कार्यक्रम सञ्चालनको लागि मन्त्रालयसँग समन्वय गरी कार्य योजना बनाउनु पर्नेछ।

ख) सम्पादन गरिने कृयाकलापका लागि विषय विज्ञको सहयोगमा मन्त्रालयले विशेषज्ञ ईन्जिनियर वा प्राविधिकले तयार पारेको कार्य क्षेत्रगत शर्त (Terms of Reference) र लागत अनुमान स्वीकृत गर्नेछ।

ग) डिजिटाईज सम्बन्धी क्रियाकलापहरु सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान अनुसार परामर्शदाता कम्पनी, फर्म तथा व्यक्तिको छनौट गरि संञ्चालन गर्नुपर्नेछ।

घ) कार्यदेश बमोजिम परामर्शदाता कम्पनी वा फर्मले सम्पन्न गरेको डिजिटाईजेसन कार्यको प्रतिवेदनको प्रस्तुतीकरण गर्नुपर्नेछ । प्रस्तुतीकरणमा उद्योग तथा वाणिज्य कार्यालयहरुबाट उपलब्ध गराईएका पृष्ठपोषणहरु समेतलाई समावेश गरी अन्तिम प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ।

ङ) परामर्शदाता कम्पनी वा फर्मले पेश गरेको अन्तिम प्रतिवेदन प्राविधिक समिति/समितिले पुनरावलोकन गर्नेछ। प्राविधिक समिति/समितिले संम्झौता र कार्यक्षेत्रगत शर्त पूरा गरे नगरेको एकिन गरी भुक्तानीको लागि सिफारिस सहित प्रतिवेदन पेश गर्नेछ।

२१. **स्थानीय उत्पादनको ब्राण्डिङ र प्रमाणीकरण:** स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत स्थानीय उत्पादनको ब्राण्डिङ र प्रमाणीकरण गर्न मन्त्रालयले आवश्यक मापदण्ड तयार गरी कार्यान्वयन गर्नेछ ।

## परिच्छेद-७: मेला, महोत्सव, प्रदर्शनी आयोजना तथा सहयोग

२२. **सरोकारवालाको सहकार्यमा औद्योगिक प्रदर्शनी/मेला आयोजना:**

१) सरोकारवालाको सहकार्यमा सञ्चालन गरिने मेला, महोत्सव वा त्यस्तै प्रदर्शनी कार्यक्रमहरुको कार्यान्वयनका लागि निर्देशनालय/कार्यालयले सम्बन्धित मेला, महोत्सव वा त्यस्तै प्रदर्शनी



माननीय बिन्दु श्रेष्ठ
मन्त्री

कार्यक्रमको कार्य क्षेत्रगत शर्त (Terms of Reference) र सम्बन्धित सरोकारवालाको साझेदारी सुनिश्चित हुने गरी लागत अनुमान स्वीकृत गर्नुपर्नेछ ।

२) उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालन गर्न कार्यालयले सम्बन्धित सरोकारवालासँग प्रस्ताव माग गर्नुपर्नेछ ।

३) कार्यालयले प्राप्त प्रस्तावहरुका सम्बन्धमा विनियोजित बजेट र लागत अनुमानको परिधिभित्र रही बढी लागत साझेदारी गर्ने सरोकारवालालाई मेला, महोत्सवको आयोजना तथा सञ्चालन गर्न सम्झौता गरी कार्यदिश दिनुपर्नेछ । सम्झौता बमोजिम मेला महोत्सव सञ्चालन भएको अनुगमन गरि सम्बन्धित कार्यालयको कर्मचारीले प्रतिवेदन पेश गर्नुपर्नेछ।

४) उपदफा (३) बमोजिमको कार्यदिश लिई सम्बन्धित मेला महोत्सव वा प्रदर्शनी आयोजना गरेका सरोकारवालाहरुले सम्झौता अनुरुपको रकमको भुक्तानी लिन विल भर्पाई, तस्विर सहितको प्रतिवेदन साथ कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ ।

५) कार्यालयले उपदफा (४) बमोजिम प्राप्त कागजातहरुको जाँचबुझ गरि नियमानुसार भुक्तानी गर्नुपर्नेछ ।

६) यसरी सञ्चालन गरिने मेला, महोत्सव वा त्यस्तै प्रदर्शनी कार्यक्रमहरुको कार्यान्वयन मेला, महोत्सव, प्रदर्शनी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० बमोजिम गर्नुपर्नेछ।

२३. <u>औद्योगिक प्रदर्शनी/मेला महोत्सवमा सहभागी उद्यमी/उद्योगीहरुलाई सहयोग सम्बन्धमाः</u>

१) कुनै पनि उद्यमी/उद्योगीले मेला, महोत्सव वा त्यस्तै प्रदर्शनी कार्यक्रममा सहभागिता जनाए बापत कार्यालयले उद्यमीलाई सहयोग गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिमको सहयोग प्राप्त गर्न उद्यमी/उद्योगीले आफ्नो उद्योगको अद्यावधिक कागजातहरु समावेश गरी सम्बन्धित जिल्लास्थित उद्योग तथा वाणिज्य कार्यालयमा स्टल भाडा, ढुवानी एवम् आतेजाते खर्चको अनुमानित विवरणहरु समावेश गरी मेला, महोत्सव सञ्चालन हुनुपूर्व कम्तीमा ७ दिन अघि निवेदन पेश गर्नुपर्नेछ ।

३) अन्तर- जिल्ला तथा प्रदेश स्तरीय मेला महोत्सवमा कुनै उद्यमी/उद्योगी लाई सहभागिताको लागि पठाउनुपर्ने आवश्यक देखिएमा स्टल भाडा प्रदान गरी सम्बन्धित कार्यालयले पठाउन सक्नेछ।

४) कार्यालयले प्राप्त निवेदनहरुका सम्बन्धमा विनियोजित बजेटको परिधिभित्र रही मेला, महोत्सवको प्रकृति, क्षेत्रसँग मेल खाने खालका सम्भावित उद्यमीहरुलाई सम्झौता गरी सहभागिता जनाउन स्वीकृति दिईनेछ । सम्झौता बमोजिम मेला महोत्सव सञ्चालन भएको अनुगमन गरि सम्बन्धित कार्यालयको कर्मचारीले प्रतिवेदन पेश गर्नुपर्नेछ।

५) उपदफा (४) बमोजिमको स्वीकृति लिई सम्बन्धित मेला महोत्सव वा प्रदर्शनीमा सहभागी भएका उद्यमीहरुले कार्यालयसँग भएको सम्झौता अनुरुप लागत अनुमानको आंशिक वा पूर्ण रकम सोध



माननीय बिन्दु श्रेष्ठ
मन्त्री

भर्ना लिन सो को विल भर्पाई, तस्विर सहित कार्यसम्पादनको प्रतिवेदन साथ कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ।

६) कार्यालयले उपदफा (५) बमोजिम प्राप्त कागजातहरुको जाँचबुझ गरि नियमानुसार भुक्तानी गर्नुपर्नेछ । यस सम्बन्धी अन्य व्यवस्था मेला, महोत्सव, प्रदर्शनी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० बमोजिम गर्नुपर्नेछ।

२४. <u>त्रैमासिक/अर्द्धवार्षिक/वार्षिक समीक्षा गोष्ठीः</u>

१) मन्त्रालय तथा अन्तर्गतका निर्देशनालय र कार्यालयहरुले समीक्षा गोष्ठी सञ्चालन गर्दा देहाय अनुसारका उद्देश्यलाई प्राथमिकतामा राख्नेछः

क) मन्त्रालय वा मातहतका निकाय, कार्यालयहरुबाट सञ्चालन भएका कार्यक्रमहरुमा के कस्तो प्रगती भयो?

ख) कार्यक्रम कार्यान्वयन गर्दा देखिएका सवल र दुर्बल पक्षहरु के थिए?

ग) कार्यक्रम कार्यान्वयन गर्दा देखिएका समस्या/चुनौतीहरु र तिनको निराकरणका उपायहरु के हुन सक्छन् सो पहिचान गरी कार्यक्रमलाई सफलतापूर्वक सम्पन्न गर्न के गर्नुपर्नेछ?

२) उल्लेखित समीक्षा गोष्ठी कार्यक्रममा आवश्यकता अनुसार प्रदेशका अन्य मन्त्रालय, संघीय विभागका प्रमुख तथा प्रतिनिधिहरुलाई समेत आमन्त्रण गर्न सकिनेछ । यस शिर्षकको रकम स्वीकृत नर्म्स को परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सो बमोजिम खर्च गर्न सकिने छ ।

२५. <u>नवप्रवर्तन उद्यमी सम्मान कार्यक्रमः</u> उल्लिखित कार्यक्रम कार्यान्वयन गर्न मन्त्रालयले तर्जूमा गरेको नवप्रवर्तन उद्यमी सम्मान मापदण्ड, २०८१ तथा प्रचलित ऐन नियम बमोजिम कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ ।

२६. <u>उद्यमी विकास सम्मेलनः</u>

१) मन्त्रालय तथा मातहतका निकायहरुले औद्योगिक क्षेत्रको विकासको लागि बार्षिक स्वीकृत कार्यक्रम अनुसार उद्यम विकास सम्मेलन गर्नुपर्नेछ।

२) मन्त्रालय तथा मातहतका निकायहरुले उद्यमी विकास सम्मेलन कार्यक्रमको खर्च प्रदेश सार्वजनिक खर्चको मापदण्ड, २०७८ एवम् नेपाल सरकार, अर्थ मन्त्रालयले तर्जूमा गरेको कार्य संञ्चालन निर्देशिका २०७७ बमोजिम गर्नुपर्नेछ।

३) सरोकारवालाहरुको उपस्थितिमा स्थानीय तथा प्रदेश स्तरीय उद्यमी विकास सम्मेलन कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

४) उद्यमी विकास सम्मेलन सम्वन्धी कार्यक्रमहरुको प्रतिवेदन कार्यालयहरुले निर्देशनालयमा र निर्देशनालयहरुले मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

माननीय बिन्दु श्रेष्ठ
मन्त्री

## परिच्छेद ८: तालिम, प्रविधि हस्तान्तरण तथा उद्यमशीलता प्रवर्द्धन

२७. उद्यमशीलता तथा सीप विकास सम्बन्धी तालिमः

१) मन्त्रालय तथा मातहतका निकायहरुले विभिन्न सिप विकास तथा उद्यमशीलता सम्बन्धी कार्यक्रमहरु प्रदेश सरकारबाट स्वीकृत सीप विकास तालिमको पहिचान तथा तालिम सञ्चालन सम्बन्धी प्रचलित कार्यविधि बमोजिम सम्पादन गर्नुपर्नेछ।

२) मन्त्रालय तथा मातहतका निकायहरुले विभिन्न संघ संस्थाहरु संगको सहकार्यमा प्रचलित कार्यविधि बमोजिम सीप परीक्षण सहितको तालिम सञ्चालन गर्न सकिनेछ।

३) उद्यमशिलता प्रवर्द्धन गर्न मन्त्रालय तथा मातहतका निकायहरुले आवश्यकता र औचित्यत्ताको आधारमा संञ्चार माध्यम संग सहकार्य गरी प्रचलित कानून बमोजिम संवाद तथा प्रचार प्रसार कार्यक्रम संञ्चालन गर्न सक्नेछ।

२८. कर्मचारीहरुको लागि क्षमता अभिवृद्धि तालिम

१) मन्त्रालय तथा मातहतका निकायका कर्मचारीहरुलाई उद्योग तथा वाणिज्य प्रशासन सम्बन्धमा प्रशिक्षित गर्नुपर्नेछ ।

२) कार्यालय प्रमुख वा उद्योग तथा वाणिज्य क्षेत्रमा कम्तीमा ३ वर्ष सेवा गरेको अधिकृतस्तरको कर्मचारीले प्रशिक्षकको रुपमा काम गर्न सक्नेछ ।

३) कार्यालयले यस कार्यक्रमको खर्च प्रदेश सार्वजनिक खर्चको मापदण्ड, २०७८ एवम् नेपाल सरकार, अर्थ मन्त्रालयले तयार गरेको कार्य संञ्चालन निर्देशिका २०७७ बमोजिम गर्नुपर्नेछ।

४) बजेट विनियोजनको अवस्था र कार्यालयको आवश्यकता अनुसार यस कार्यक्रम एकपटक भन्दा बढी पनि आयोजना गर्न सकिनेछ।

५) उपदफा (४) बमोजिम एक पटक भन्दा बढी पटक आयोजना गर्नुपर्ने भएमा मन्त्रालयको सहमति लिई सञ्चालन गर्नुपर्नेछ ।

२९. बेरुजु व्यवस्थापन तालिम/अभिमुखीकरणः

१) मन्त्रालय वा मातहतका निकाय, कार्यालयहरुमा विद्यमान तथा सम्भावित बेरुजुको न्यूनीकरण गर्नका लागि जिम्मेवार कर्मचारीहरुलाई अभिमुखीकरण गर्न अन्तर्क्रिया/छलफल कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

२) आवश्यकता अनुसार प्रदेशका अन्य निकाय, संघीय विभागका प्रमुख तथा प्रतिनिधिहरुलाई समेत आमन्त्रण गर्न सकिनेछ ।

३) यस शिर्षकको रकम स्वीकृत नर्म्स को परिधिभित्र रहि लागत अनुमान स्वीकृत गराई सो बमोजिम खर्च गर्न सकिने छ ।

माननीय बिन्दु श्रेष्ठ
मन्त्री

३०. अन्तरक्रिया, गोष्ठी तथा छलफल साथै विभिन्न दिवस सम्बन्धी कार्यक्रमः

१) मन्त्रालय तथा मातहतका निकायहरुले गोष्ठी अन्तरक्रिया तथा छलफल कार्यशालाको खर्च तथा बैठक भत्ता र विभिन्न दिवस सम्बन्धी कार्यक्रमको खर्च प्रदेश सार्वजनिक खर्चको मापदण्ड, २०७८ एवम् नेपाल सरकार, अर्थ मन्त्रालयले तयार गरेको कार्य संञ्चालन निर्देशिका २०७७ बमोजिम गर्नुपर्नेछ।

२) उद्योग, व्यापार तथा व्यवसायसंग सम्बन्धित गोष्ठी अन्तरक्रिया तथा छलफल प्रवर्द्धनका लागि सरोकारवालाहरुको उपस्थितिमा कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । कार्यक्रममा आवश्यक्ता अनुसार उद्योग, व्यापार तथा व्यवसाय क्षेत्रमा काम गरेका सफल, नमूना उद्यमी वा विज्ञलाई आमन्त्रण गर्न सकिने छ।

३) स्थानीय तह र सरोकारवालाले आयोजना गर्ने मेला वा दिवस वा घुम्ती शिविर आदिमा कार्यालयले समन्वय गरी सहयोग गर्न सकिने छ।

४) कार्यालयले सरोकारवाला निकायसँग लागत साझेदारीमा समेत बैठक/अन्तरक्रिया कार्यक्रम आयोजना गर्न सक्नेछ ।

५) गोष्ठी अन्तरक्रिया तथा छलफल र विभिन्न दिवस सम्बन्धी कार्यक्रमहरुको प्रतिवेदन कार्यालयहरुले निर्देशनालयमा र निर्देशनालयहरुले मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

३१. प्रदेशभित्रका मालपोत तथा नापी कार्यालयहरुसँग अन्तर्क्रिया तथा छलफलः

१) प्रदेश भित्रका भूमि सुधार तथा मालपोत कार्यालयहरु/मालपोत कार्यालयहरु एवम् नापी कार्यालयहरुबाट प्रवाह हुने सेवा तथा संकलित राजश्व एवम् अन्य क्षेत्रमा के कस्तो प्रगति भयो, कार्यान्वयन गर्दा देखिएका सवल र दुर्बल पक्षहरु के थिए, कानून कार्यान्वयनका लागि के कस्ता समस्या/चुनौतीहरु आए र तिनको निराकरणका उपायहरु के हुन सक्छन पहिल्याउन सहयोग पुग्ने अभिप्रायले आवश्यकता अनुसार प्रदेशभित्रका मालपोत तथा नापी कार्यालयहरुसँग अन्तर्क्रिया तथा छलफल गरिनेछ ।

२) आवश्यकता अनुसार प्रदेशका अन्य मन्त्रालय, संघीय विभागका प्रमुख तथा प्रतिनिधिहरुलाई समेत आमन्त्रण गर्न सकिनेछ । यस शिर्षकको रकम स्वीकृत नर्म्स को परिधिभित्र रही खर्च गर्नुपर्नेछ।

३२. प्रविधि हस्तान्तरण तथा अनुदान सम्बन्धी कार्यक्रमः मन्त्रालय तथा मातहतका निकायमा प्रविधि हस्तान्तरण तथा अनुदान सम्बन्धी कार्यक्रम प्रदेश सरकारबाट स्वीकृत प्रविधि हस्तान्तरण सम्बन्धी प्रचलित कार्यविधि बमोजिम सम्पादन गर्नुपर्नेछ।

३३. अनुसन्धान तथा विकास (उद्यमशीलता र नवप्रवर्तन): उद्यमशीलता तथा नवप्रवर्तनको क्षेत्रमा प्रभावकारी कार्यसम्पादन गर्न यस क्षेत्रसँग सम्बन्धित सरकारी, निजी, तथा शैक्षिक संघ/संस्थासँग साझेदारीमा मन्त्रालयले मापदण्ड तर्जूमा गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ।



माननीय बिन्दु श्रेष्ठ

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

## परिच्छेद-९: विविध

**३४. कानून तथा कार्यविधि तर्जुमा र नीति निर्माण:**

१) मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धीत विषयमा आवश्यक नीति तर्जूमाको लागि परामर्श सेवा तथा सरोकारवालासँग अन्तर्क्रिया एवं नीति संवाद कार्यक्रम संञ्चालन गर्ने सकिनेछ र प्रचलित कानूनको परिधिभित्र रही खर्च गर्नुपर्नेछ।

२) मन्त्रालयले निर्मित कानूनहरुको कार्यान्वयनको प्रभावकारिता सम्बन्धमा परीक्षण गर्ने तथा सरोकारवाला निकायहरुसंग छलफल गर्न सक्नेछ।

३) मन्त्रालयले नमूना कार्यालय विकास तथा प्रवर्द्धन गर्नका लागि आवश्यक मापदण्ड तर्जूमा गरी कार्यान्वयन गर्नेछ ।

**३५. बोटे, माझी, हायु, मुसहर र वनकरिया समुदायका लागि स्वरोजगार परियोजना:** स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत बोटे माझी, हायु, मुसहर र वनकरिया समुदायका लागि स्वरोजगार परियोजना कार्यान्वयनका लागि मन्त्रालयले आवश्यक कार्यविधि तर्जूमा गरी कार्यसम्पादन गर्नुपर्नेछ।

**३६. उपभोक्ता हित प्रवर्द्धन तथा सचेतनामूलक कार्यक्रम सञ्चालन:**

१) विद्यालय, स्थानीय तह, निजी क्षेत्र एवम् सामुदायिक संस्थाहरुसँगको सहकार्यमा उपभोक्ता हक हित संरक्षणका उपभोक्ता सचेतना कार्यक्रमहरु साथै अन्य सचेतना कार्यक्रमहरु प्रदेश सार्वजनिक खर्चको मापदण्ड, २०७८ सहित प्रचलित कानूनले तोकेको परिधि भित्र रहि तपसिल बमोजिमको उद्देश्य पुरा गर्ने गरी कार्यान्वयन गर्नुपर्नेछ,

(क) कार्यक्रम उपभोक्ता हक हित संरक्षण गर्ने उद्देश्यले सञ्चालन गर्नुपर्नेछ ।

(ख) उपभोक्ता सचेतना, बजार अनुगमन तथा खाद्य सुरक्षा जस्ता विषयहरुमा अनुभव आदान प्रदान एवम् अन्तर्क्रिया गरी विद्यालय, स्थानीय तह, निजी क्षेत्र एवम् सामुदायिक संस्थाहरुसँग सहकार्य गरी उपयुक्त स्थानमा कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

२) कार्यक्रम सरकारी कार्यालयको सभाहल, विद्यालयको कक्षाकोठा तथा सामुदायिक भवनको उपयोग गरी सञ्चालन गर्नुपर्नेछ ।

३) कार्यक्रममा मन्त्रालय/निर्देशनालयका प्रतिनिधि आमन्त्रण गर्न सकिनेछ ।

४) एक त्रैमासिक अवधिमा कम्तीमा एक पटक भिन्न भिन्न स्थानमा अन्तर्क्रिया कार्यक्रम आयोजना गर्नुपर्नेछ।

५) कार्यक्रम सम्पन्न भए पश्चात् दश दिनभित्र सोको प्रतिवेदन निर्देशनालय/मन्त्रालयमा पेश गर्नुपर्नेछ।

माननीय विष्णु ... 
मन्त्री

३७. बजार अनुगमन तथा नियमनः

१) नियमित व्यापार/व्यवसाय/बजार अनुगमन प्रचलित व्यापार, व्यवसाय तथा उपभोक्ता संरक्षण सम्वन्धी संघीय तथा प्रादेशिक कानून तथा प्रदेश स्तरीय सयुंक्त बजार व्यवस्थापन तथा अनुगमन निर्देशिका, २०८० बमोजिम बजार अनुगमन कार्य योजना तयार गरी अनुगमन गर्ने वा आवश्यकता अनुसार जुनसुकै बेला गर्न सकिनेछ ।

२) मासिक रुपमा कम्तिमा १ पटक उद्योग अनुगमन गर्नुपर्नेछ साथै पन्ध्र दिनमा कम्तीमा एउटा वडा/बजार को अनुगमन गर्नुपर्नेछ ।

३) मासिक खाद्यान्न वा उपजको मौज्दातको विवरण निर्देशनालयमा पेश गर्नुपर्ने छ ।

४) अनुगमन टोलीको लागि कार्यालयको सवारी साधन प्रयोग गर्ने र खाजा खर्चको व्यवस्था कार्यालयले गर्नुपर्ने छ ।

५) १२ कि.मि. भन्दा बढी दुरीमा अनुगमन गर्नुपर्ने भएमा प्रदेश भ्रमण खर्च नियमावली, २०७७ अनुसार दैनिक भ्रमण भत्ता उपलब्ध गराउनु पर्नेछ ।

६) अनुगमनको प्रतिवेदन कार्यालयले निर्देशनालयमा र निर्देशनालयले मन्त्रालयमा पेश गर्नुपर्नेछ । ।

७) बजार अनुगमनबाट जफत गरिएको म्याद गुज्रेको तथा कमसल गुणस्तरका सामान डिस्पोजल तथा ब्यवस्थापन प्रदेश स्तरीय संयुक्त बजार व्यवस्थापन तथा अनुगमन निर्देशिका, २०८० तथा अन्य प्रचलित कानून बमोजिम सरोकारवाला तथा जिम्मेवार पदाधिकारीको उपस्थितिमा सम्पादन गर्नुपर्नेछ।

३८. गुठी जग्गाको विद्युतीय अभिलेख तयारीः उल्लिखित कार्यक्रमको कार्यान्वयनका लागि मन्त्रालयले औचित्यताका आधारमा प्रचलित खरिद कानून बमोजिम दिगो हुनेगरी कार्य सम्पादन गर्नेछ।

३९. प्रदेश भू-उपयोग परिषद्को गठन तथा सञ्चालनः प्रदेश भूउपयोग परिषद्को गठन तथा सञ्चालन, भूउपयोग कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८१, भूउपयोग ऐन २०७६ र नियमावली २०७९ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ साथै बैठक भत्ता तथा कार्यक्रम खर्च प्रचलित कानून बमोजिम उपलब्ध गराउनुपर्नेछ ।

४०. चक्लाबन्दी कार्यक्रम सञ्चालनः उल्लिखित कार्यक्रमको कार्यान्वयनका लागि मन्त्रालयले चक्लाबन्दी कार्यक्रम सम्बन्धी गरिएको सम्भाव्यता अध्ययनको आधारमा लाभ-लागत समेतलाई प्राथमिकतामा राखी आवश्यक कार्यविधि तथा मापदण्ड तर्जूमा गरी कार्यसम्पादन गर्नुपर्नेछ ।

४१. कर्मचारीको टिम विल्डिङ्ग तथा रिफ्रेसमेन्ट वर्कशप :

मन्त्रालय तथा मातहतका निकायमा कार्यरत कर्मचारीहरुलाई सहभागी गराई यस शिर्षकमा विनियोजन भएको रकम प्रचलित ऐन तथा नियमावली बमोजिम खर्च गरिनेछ।



माननीय विन्दु श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

४२. **वार्षिक प्रगति विवरण प्रकाशनः** चालु आर्थिक वर्षको प्रथम त्रैमासिक अवधि भित्र सम्बन्धित कार्यालयले आफ्नो कार्यालयबाट गत आर्थिक वर्षभरी सम्पादन गरेको सम्पूर्ण कार्यसम्पादनको प्रगति विवरण देहायको ढाँचामा तयार गरी प्रकाशन गरी तालुक निकायमा पठाउनु पर्नेछ ।

(क) कार्यालयको परिचय,

(ख) कार्यालयले उपलब्ध गराउने सेवाहरु,

(ग) कार्यालयको प्रगति (भौतिक तथा वित्तिय),

(घ) प्रविधि प्राप्त गर्नेको सूची,

(ङ) तालिम प्राप्त गरेका व्यक्तीको सूची,

(च) कार्यालयले सम्पन्न गरेका मुख्य मुख्य कार्यहरु,

(छ) कार्यालयका सबै कर्मचारीको विवरण,

(ज) कार्यालयको सम्पर्क नम्बर, वेवसाईट र ईमेल,

(झ) राम्रा सिकाई तथा गर्नुपर्ने सुधार,

(ञ) निष्कर्ष ।

४३. **खारेजी तथा बचाउः** यो कार्यविधि अन्य प्रचलित कानूनसँग बाझिएको हकमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

४४. **कार्यविधि संशोधन तथा परिमार्जनः** यस कार्यविधिमा उल्लेख भएका विषयहरुमा मन्त्रालयले आवश्यक संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

माननीय बिन्दु श्रेष्ठ
मन्त्री